# बुढीनन्दा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोल्टी, बाजुरा, सुदूरपश्चिम प्रदेश

**नदीजन्य पदार्थको बिक्रीका लागि दरभावपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः२०७८/०५/१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ च र यस बुढीनन्दा नगरपालिकाको आर्थिक ऐन,२०७८ को दफा १४ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बुढीनन्दा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही दरभावपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | दरभाव पत्रको नाम | न्यूनतम दरभावपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | दरभाव पत्र दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | BM-02-2078/079 | बड्डी गाड-कुरु देखि पिलुचौर सम्म, खुल्मी गाड पोरख्या देखि दानसागु सम्म, धुपे खोला-कालगोठी देखि दानसाँगु सम्म र कर्णाली नदी-पिलु पादुका नदीको ढुंगा,गिट्टी,ग्रेवल,बालुवा र माटोको बिक्री रकम संकलन गर्न ठेक्का | १५,००,०००। | १,०००। |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभावपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रीय बाणिज्य बैंक कोल्टी बाजुरा शाखामा रहेको यस कार्यालयको खाता नं. ग १.१ आन्तरिक राजश्व खाता-४४१०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभावपत्र फाराम खरिद गर्न सकिनेछ । दरभावपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. दरभावपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रीय बाणिज्य बैंक कोल्टी बाजुरा शाखामा रहेको ग-३ धरौटी खाता नं. ४४१०१००३०३००००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक/ वित्तिय सस्थाबाट यस कार्यालयको नाममा दरभावपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारीं गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ । । तोकिएको दरभावपत्र दस्तुर माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचर र धरौटी(बिड बण्ड) लाई दरभावपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

३. खरिद गरेको दरभावपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभावपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, दरभावपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७८/०६/०२ गते) दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभावपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न आएका दरभावपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभावपत्रदाता वा निजको प्रतिनिधि दरभावपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभावपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. दरभावपत्र सम्बन्धी विस्तृत जानकारी दरभावपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । ७. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन ।

८. दरभावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. दरभावपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । पछिल्ला किस्ताबापत ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७९ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । कुल कबोल अंकको एक मुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको १०% सम्म छुट दिन सकिने छ । साथै दरभावपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभावपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभावपत्र वन्दोवस्त गरिनेछ । यस नगरपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस दरभावपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत